## पाँचौं अध्याय

# साम्पाङ राई जातिको भाषा, धार्मिक जीवन र चाडपर्व

किरात साम्पाङ राईजातिको भाषा, संस्कृति र धार्मिक जीवन आफ्नै प्रकारको भए पनि केही मात्रामा अन्य जातीय समाजबाट पनि प्रभावित छ । यो अध्यायमा उनीहरुको सांस्कृतिक जीवनका विविध पक्षमाथि चर्चा गरिँदै छ ।

### ५.१ भाषा

साम्पाङ राईजातिको आफ्नै भाषा छ, जसलाई उनीहरु साम्पाङ गुङ भन्दछन् । भाषाविद्हरुका अनुसार उनीहरुले बोल्ने भाषा भोट-बर्मेली परिवारमा पर्छ । अन्य राई तथा गैरकिरात राई जातिहरुसँग भने खसभाषा नै प्रयोग गर्ने गर्दछन् । तर, उनीहरुले विशेषतः शब्दको अन्तमा 'को' जोड्ने गरेको पाइन्छ । जस्तै- खान्छौको, जान्छौको, आउँछौको आदि । किरात राई समुदायका राई जातिहरुमा बोलिने फरकफरक भाषाको सन्दर्भमा विभिन्न लेखकहरुले विभिन्न विवरणहरु दिएका छन्, जसमा राईहरुका अलगअलग भाषा रहेको बताइएको छ । जापानी लेखक सुयोसी तोबाले आफ्नो पुस्तकमा '...various Rai speech varieties, we must consider them Rai languages and not dialect. With this in mind, we find fourteen different languages being spoken among the Rais' भनेर राईहरुले बोल्ने विविध भाषालाई केवल भाषिका मात्र मान्नु हुँदैन भनेका छन् । उनका अनुसार राई समाजभित्र चौधवटा विभिन्न भाषाहरु बोल्ने गरेको पाइन्छ ।[1]

यस्तै गरी डोरबहादुर विष्टले राई भन्नेहरुमा अनेक ससाना अलगअलग भाषा बोल्ने, अलगअलग चालचलन भएका धेरै बथान हुन्छन् भनी उल्लेख गरेका छन् ।[2] भाषाविद्हरुका अनुसार साम्पाङ भाषा सिनो-टिबेटन अर्थात् तिब्बती-बर्मेली परिवारमा पर्छ ।

---

[1]. सुयोसी तोबा, **राइटस् अफ प्यासेज एन आस्पेक्ट अफ राई कल्चर,** (काठमाडौं : रोयल नेपाल एकेडेमी), वि. सं. २०५९, पृ. १३

[2]. डोरबहादुर विष्ट, **सबै जातको फूलबारी,** (काठमाडौं : साझा प्रकाशन), (सातौं संस्करण) वि.सं. २०५५, पृ. २३ ।

यसका बारेमा लालश्याँकुरेल रापचाले वल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रहरुमा बोलिने सबै किराती मातृभाषा र तिनका सम्भावित समूहहरुको समेत चर्चा गरेका छन् ।[३]

वि.सं. १९६८ सालको जनगणनामा राईहरुको भाषिक स्थिति उल्लेख छैन । सन् १९६१ को तथ्याङ्कअनुसार राई भाषी २.५५ प्रतिशत, सन् १९७१ मा २.०१ प्रतिशत, १९८१ मा १.४६ प्रतिशत र सन् १९९१ को तथ्याङ्कमा २.३८ प्रतिशत रहेको देखाइएको छ । यो तथ्याङ्क राई समाजमा बोलिने सवैखाले भाषाको समग्र सङ्ख्या हो । जातिगत रुपमा भाषाहरु छुट्याइएको छैन । तर, सन् २००१ (२०५८) को राष्ट्रिय जनगणनामा भने राईहरुको जातिगत रुपमा नै भाषिक तथ्याङ्क संकलन गरिएको छ । जसमा २२ वटा राई भाषाको मात्र तथ्याङ्क उपलब्ध छ ।[४]

उक्त तथ्याङ्कअनुसार साम्पाङ भाषा बोल्नेको सङ्ख्या १०,८१० रहेको देखाइएको छ । तर, अहिले यो भाषा बोल्न जान्ने भन्दा बोल्न नजान्ने साम्पाङ राईहरुको सङ्ख्या बढी रहेको अनुमान गरिएको छ । यसको कारण बसाइँ-सराइ नै भएको बुझिन्छ । यिनीहरुको जनसङ्ख्या पनि लगभग ३० हजारभन्दा केही माथि रहेको अनुमान गरिएको छ ।

## ५.२ संस्कार परिचय

मानवसमाजमा संस्कारको ठूलो महत्व रहेको हुन्छ । विभिन्न जातजाति र धर्मको आधारबाट संस्कारहरुको मान्यता स्थापित भएको देखिन्छ । संस्कार के हो भन्ने सम्बन्धमा विभिन्न ग्रन्थकारहरुले चर्चा गरेका छन् । यसबारेमा स्माइकल ह्युगसले मानवीय जीवनमा जन्मदेखि मृत्युसम्म गरिने विभिन्न क्रिया र प्रक्रियाहरु संस्कारमा पर्ने उल्लेख गरेका छन् । यति मात्र नभएर अझ गहिरो रुपमा हेर्दा संस्कारमा मानिसको सोचाइ, अनुभव, क्रियाकलाप, एक वंशदेखि अर्को वंशमा हस्तान्तरित हुँदै जाने अभौतिक र भौतिक

[३]. लालश्याँकुरेल, रापचा, "वल्लो किराँतका किराँती भाषाहरुको तुलनात्मक अध्ययन", **अनुसन्धानात्मक कार्यपत्र,** (अप्रकाशित), (२०६३), पृ. २० । द्रष्टव्य : परिशिष्ट १७ ।

[४]. नेपाल सरकार, **नेपाल जनसङ्ख्या प्रतिवेदन,** (काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मंत्रालय जनसङ्ख्या महाशाखा), २०६४, पृ. ६२-६३ । द्रष्टव्य : परिशिष्ट १८ ।

संस्कारहरु ढुङ्गे बन्चरोदेखि कम्प्युटर, अटोमोबाइल, पेन्टिङ, विद्युतीय गितार, कपालको शैलीसमेत संस्कार नै हुन् ।[५]

यसैगरी राजबली पाण्डेयले हिन्दू संस्कारका बारेमा विस्तृत उल्लेख गरेका छन् । उनका अनुसार मानव समुदायमा प्रथा, परम्परा तथा मान्यतामा आधारित जन्मदेखि मृत्युसम्म गरिने आफ्नै प्रकारको विभिन्न कर्मकाण्डहरु पर्दछन् । जो उनीहरुले मान्ने धर्म, भाषा, भेषभुषा, रहनसहन, प्रथागत कुराहरुमा निर्भर हुने गर्दछ । पाण्डेयले विभिन्न जातजातिहरुका यस्ता मूल्यमान्यताहरु हजारौं वर्षअगाडिदेखि एक पुस्तादेखि अर्को पुस्तामा क्रमशः हस्तान्तरित हुँदै आएको मुख्यगरी १. प्राग्-जन्म संस्कार, २. बाल्या अवस्थाको संस्कार, ३. शैक्षणिक संस्कार, ४. विवाह-संस्कार र ५. अन्त्येष्टि गरी जम्मा पाँच प्रकारको संस्कार रहेको बताएका छन् ।[६] संस्कारलाई **नेपाली बृहत् शब्दकोषमा** निम्नानुसार अर्थ्याइएको देखिन्छ :

**संस्कार-** ना. [सं.] १. अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम, सुधार, शुद्धता । २. कुनै वस्तुको मरम्मत, जीर्णोद्धार । ३. पवित्र पार्ने काम, संशुद्धि । ४. खानेकुरा पकाइ, तुल्याइ गर्ने काम । ५. भाँडाकुँडा आदिको सरसफाइ । ६. रहनसहन, मर्यादा, सम्पर्क शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव, धारणा । ७. वैदिक विधिअनुसार गरिने ब्राह्मण जातिका सोह्र संस्कार वा कृत्य (गर्भधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, केशान्त, उपनयन, बेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि) । ८. अन्त्येष्टि क्रिया, दाहसंस्कार ।[७]

---

[५]. माइकल ह्युगस, **सोसियोलोजी द कोर,** (न्यूयोर्क : फिलिप ए. बुच्चर), वि. सं. २०६४, पृ. ४१-४२ को विवरण- "...Culture refers to the social heritage of a people- those learned patterns for thinking, feeling, and acting that are transmitted from one generation to the next, including the embodiment of these patterns in material items. It includes both *nonmaterial culture*- abstract creations like values, beliefs, symbols, norms, customs and institutional arrangements- and *materials culture*- physical artifacts or objects like stone axes, computers, loincloths, tuxedos, automobiles, paintings, electric guitars, hair styles and domed stadiums. ... ."

[६]. राजबली पाण्डेय, **हिन्दु संस्कार,** (भारत : चौखम्बा विद्याभवन, वाराणसी), वि.सं. २०६३, पृ. १५

[७]. प्रज्ञा-प्रतिष्ठान, **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पाँचौं संस्करण), वि.सं. २०५८, पृ. १२०९ ।

मानवीय समाजमा जाति विशेषको भाषा, धर्म, संस्कृतिहरु स्थापित भएको हुन्छ । यसले मानव जीवनमा गर्भदेखि मृत्यु र दाहसंस्कारसम्म गरिने विभिन्न क्रियाकलापहरुसँग सम्बन्ध राख्दछ र यो पुस्तौंपुस्तासम्म निरन्तर चलिरहने गर्दछ ।

हिन्दू मान्यताअनुसार संस्कार भन्नाले मानव जीवनमा हुने अनेकन कलाकौशल, परम्परा, आस्था, विश्वास, सामाजिक मानमर्यादा, आचारविचार, रहनसहन, वैदिक विधिअनुसार गरिने गर्भधान, पुंशक, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, विद्यारम्भ, उपनयन, विवाह, अन्त्येष्टि र दहासंस्कारसम्मका क्रियाकलापहरु नै संस्कार-संस्कृतिमा पर्दछन् । यसरी संस्कारलाई निम्नानुसार अर्थ्याउन समिन्छ :

क) यो मानव निर्मित हुन्छ ।

ख) यो परम्परादेखि सिकिएको व्यवहार हो ।

ग) यो एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै जान्छ ।

घ) यो समूहगत आदर्शमा आधारित हुन्छ ।

ङ) जातीय, धार्मिक आस्थाका अधारमा संस्कार आ-आफ्नै प्रकारको हुन्छ ।

च) यसको मुख्य बाहक भाषालाई लिइन्छ ।


छ) यो गतिशील हुन्छ ।

ज) यसले मानवीय आत्मालाई सन्तुष्टि दिन्छ ।

झ) यसमा सामाजिक गुण निहित हुन्छ आदि ।

आ-आफ्नो जातीय धार्मिक मूल्यमान्यता, प्रथा, परम्परामा आधारित संस्कारहरु मानव जीवनका महत्वपूर्ण पक्ष हुन् । किरात समुदायअन्तरगतका राई समुदायमा विभिन्न जातिअनुसार आफ्नै प्रकारका संस्कारहरु रहेको पाइन्छ । साम्पाङ राईजातिको पनि आफ्नै मूल्यमान्यता र जीवनशैलीमा आधारित संस्कारहरु रहेको पाइन्छ ।

संस्कृतिका विषयमा पदमलाल देवकोटाले ह्वाइटको संस्कृतिको उद्‌विकाससम्बन्धी धारणाको उल्लेख गर्दै संस्कृति निम्न प्रणालीहरुमा निहित रहने कुरा दर्शाएका छन्[८] :




सेरी बी. अर्टनेरले सांस्कृतिक रुपमा निर्माण हुँदै विश्वास, आधारभूत मान्यता, आरचरण, अनुभव जस्ता कुराहरुबाट संस्कार सृजित हुन्छ । यसबारे उनी लेख्छन्, "cultural ferfomances," rituals or other culturally formalized events that the people themlelves see as embodying in some way the essence of their culture, as dramatizing the basic myths and visions of reality, the basic values and moral truths, upon which they feel their worlk rests."[९] साम्पाङ राईजातिको पनि संस्कार-संस्कृतिको संरचना, विश्वास तथा मूल्यमान्यताहरुको विश्वास समान रहेको छ ।

## ५.३ रहनसहन

साम्पाङ राईहरुको आफ्नै जातीय परम्परागत मूल्यमान्यतामा आधारित जीवनशैली रहेको छ । तथापि अन्य जातिहरुसँगको सामिप्यता, छिमेकीहरुसँगको सम्पर्क र सामाजिक व्यवहारले गर्दा उनीहरुको चालचलन, रीतिरिवाजहरु केही प्रभावित भएकाले कतिपय कुराहरु अन्य जातिहरुसँग मिल्दाजुल्दा पनि देखिन्छन् ।

---

[८]. पदमलाल देवकोटा र नेत्रकुमार ओझा, **मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोण,** (काठमाडौं : दिव्य देउराली प्रकाशन प्रा.लि., चौथो संस्करण), वि.सं. २०६८, पृ. १६७ ।

[९]. शेरीं बी. अर्टनर, **शेर्पाज थ्रु दियर रिचुयल्स,** (न्यू देल्ही : विकास पब्लिशिङ् हाउस लिमिटेड), वि. सं. २०३६, पृ. १

### ५.३.१ पहिरन तथा गरगहना

साम्पाङ राई समाजमा आफ्नै प्रकारको रहनसहन पोशाक र गरगहनाहरुको प्रयोग गर्ने चलन छ । पहिलेपहिले आफैंले कपास खेती गरेर घरमै कपडा बुन्थे । महिलाहरुले विशेषतः छिटको गुन्यु लगाएर खाँडीको पटुकी बाँध्ने, ढाकाको चौबन्दी चोली लगाउने, ढाकाकै बर्की ओढ्ने र पुरुषहरुले पनि खाँडीको कपडाबाट दौरा, सुरुवाल, जुहारीकोट, ढाकाको टोपी लगाउँथे । आजभोलि आधुनिक स्वदेशी तथा विदेशी कपडाहरु आयात हुन थालेपछि घरेलु कपडाहरु उत्पादन गर्न छाडिएको छ ।

साम्पाङ राईहरुका गहना आफ्नै जातीय परम्पराअनुसारका छन् । महिलाहरु सुन, चाँदीका गहना नै बढी प्रयोग गर्दछन् । यस्ता गहनामा माडवाडी, ढुंग्री, चेप्टेसुन, बुलाकी, सिरमाथि लगाइने सिरबन्दी, चन्द्रमा आदि पर्दछन् । यस्तै गरी घाँटीमा चाँदीको सिक्काको हारी (माला), आठआनी वा चारआनी पैसाबाट बनेका रेजीहरु पनि प्रयोग गर्दछन् । घाँटीमा लगाइने नौगेडी र विवाहित महिलाहरु हरियो पोते पनि लगाउँछन् । यसअतिरिक्त विभिन्न आकारप्रकारका औंठी, चुरा, कल्ली लगाउँछन् । यस्तै मालिङ्गोबाट बनाइएको काइँयो र थाक्रो पनि प्रयोग गर्छन् । महिलाहरु चौबन्दी चोलीमा मर्चुङ्गा र बिनायो झुन्ड्याउने गर्दछन् । पुरुषहरुले गरगहना प्रयोग गरेको पाइँदैन । उनीहरु विभिन्न धातुबाट बनेका औंठीहरु प्रयोग गर्दछन् ।

### ५.३.२ भोजन

साम्पाङ राईहरुको आर्थिक तथा भौगोलिक अवस्थाअनुसार विभिन्न प्रकारका भोजनहरु छन् । माथिल्लो भेगमा हुनेहरु मकैको भात, गहुँको ढिँडो, रोटी, खट्टे (गहुँ भुटेको), कोदोको ढिँडो, रोटी, फापरको रोटी, जौ, आलु, कागुनीबाट बनेको खाद्यसामग्री प्रयोग गर्दछन् । तल्लो भेगमा बस्नेहरु धान, गहुँ, कोदो, आलु, भटमास जस्ता अनाजका विभिन्न प्रकारका खाद्यपदार्थ प्रयोग गर्दछन् । यो जातिमा जाँड-रक्सीको प्रयोग हुने गर्दछ । मासुमा सुँगुर, राँगा, भेडा, कुखुरा, परेवा उनीहरुको प्रिय खाद्यपदार्थ हो । अतिथि सत्कारमा साम्पाङ राईहरु मासु, जाँडरक्सी अनिवार्य ठान्दछन् । सुर्ति, खैनी आदिको प्रयोग यो समाजमा सामान्य नै मानिन्छ ।

जन्मदेखि मृत्युपर्यन्त सम्पूर्ण संस्कारहरुमा आवश्यक पर्ने वस्तुहरुमा आफैंले उत्पादन गरेको कोदोको जाँड, रक्सी र अदुवा पर्दछ । यी तीनथरि खाद्य पदार्थ हरेक संस्कारमा आवश्यक मानिन्छ । पहिलेपहिले तोङ्बामा जाँड खाने, खुवाउने चलन थियो । तर, आजभोलि तोङ्बा कमै पाइने हुँदा छनुवा जाँड नै प्रयोग गरेको पाइन्छ । अन्य लोकप्रिय खाद्यपदार्थमा भटमासबाट बनाइने 'किनिमा' पनि पर्छ । यो तरकारी तथा अचारको रुपमा प्रयोग गरिन्छ । त्यस्तै 'खिक्रिवापा' अर्को खाद्यपदार्थ हो । यो कुखुराको प्वाँख डढाएर निकालिने धुलोमा कुखुराको खुट्टा, पखेटा, आन्द्रा, टाउको मसिनो पारेर काटी मिसाइन्छ । भिजाएको चामल वा पकाएको भातसँग मिसाएर तेल, घ्यू, नुन, खुर्सानी मिलाएर भुटेर पकाइन्छ । विशेषतः जाँड वा रक्सीसँग खाइन्छ । यो निकै तितो र पिरो हुने भए पनि धेरै स्वादिलो हुन्छ । यसअतिरिक्त यो समाजमा दैनिक रुपमा गुन्द्रुक, सिस्नो, ढिँडोलगायतका खानेकुराहरु खाने चलन छ ।[१०]

## ५.४ धर्म तथा धार्मिक जीवन

मूलतः साम्पाङ राईहरु प्रकृतिपूजक हुन् । उनीहरु घरभित्र भएको ढुङ्गाको तीन चुल्होलाई धर्मको प्रतीक तथा पितृहरुको बासस्थान मानेर पूजा गर्ने गर्दछन् । भूमि (धरती), सुम्निमा, पारुहाङ, खोलानाला, डाँडा, भीरहरुलाई पनि आफ्नो धार्मिक आस्थाको केन्द्र मानेर पूजा गर्दछन् । यसैगरी स्थानीय देवी, देवता, संसारी देवता, सिकारी देवता आदि मान्दछन् । उनीहरु मूर्तिपूजक होइनन् ।


साम्पाङ राईहरु पृथ्वी, चन्द्र, सूर्य, हावा, पानी, वनजङ्गल, खोला, भीर, पहरा जस्ता प्रकृतिलाई नै आफ्नो धार्मिक आस्थाको केन्द्र मान्ने गरेको देखिन्छ । कतिपयले यसलाई किरात धर्म पनि भन्छन् ।

कतिपय लेखकहरुले किरातहरुलाई शैव धर्मावलम्बी पनि भनेका छन् । जगदीशचन्द्र रेग्मीले किरात जाति पनि हिमालयको उपत्यका वा त्यसको यताउति निवास गर्ने देखिएकाले किरातहरुमा शैवधर्म धेरै पहिले लोकप्रिय भैसकेको अनुमान गरेका छन् । हिजोआज पनि पशुपतिनेर किरातेश्वर महादेवका लिंगरुप विद्यमान छ, जो किरातसँग

[१०]. स्थलगत अध्ययनमा आधारित ।

सम्बद्ध रहेको ज्ञात हुने र हिमवत् खण्डमा पनि किरातेश्वरसम्बन्धी कथाहरु रहेको छ भनी उल्लेख गरेको पाइन्छ ।[११]

तर यो समाजमा रहेको परम्परागत मान्यतालाई हेर्दा यिनीहरु प्रकृतिका उपासक देखिन्छन् । यो समाजको पहिलो र प्रमुख आस्थाको केन्द्र नै तीन चुल्हो हो; धर्मका सम्पूर्ण क्रियाकलापहरु सम्पन्न गर्ने आधार नै मौखिक रुपमा रहेको मुन्धुम हो । स्थानीय भनाइअनुसार तीन चुल्होको मान्यता र पूजा गर्ने परम्परा आदिम पुर्खाहरुले न्वागी खाने समय 'हँलुङ्मा'[१२] भन्ने ठाउँमा सुरुवात गरेका थिए । यिनीहरुले मान्ने गरेको सुतुलुङ (तीन चुल्हो)लाई उनीहरुको भाषामा निम्नानुसार नाम दिइएको पाइन्छ[१३] :




यस्ता तीन चुल्होलाई विभिन्न कुराको प्रतिनिधि मानिन्छ । पापालुङ अर्थात् कुइमालुङलाई पितृको प्रतिनिधि, मामालुङ अर्थात् थुइमालुङलाई धनसम्पत्ति तथा सन्तानको प्रतिनिधिको रुपमा र छेकुमालुङलाई चेलीबेटी तथा इष्टमित्रहरुको प्रतिनिधि मानिन्छ ।

साम्पाङ राईले नयाँ घर बनाएपछि पहिला सुतुलुङ स्थापना गर्नुपर्ने र चुल्हो आफ्नै भाषामा मुन्धुमअनुसार गाड्नुपर्ने मान्यता रहेको छ । विधिपूर्वक मुन्धुम वाचन गर्दै आफ्ना

---

[११]. जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास,** (काठमाडौं : रत्न पुस्तक भण्डार), वि.सं. २०३९, पृ. ३-४ ।

[१२]. बासपानी-९ निवासी **अकिलमान राई** (वर्ष ७०)सँगको अन्तर्वार्तामा आधारित ।

[१३]. वासपानी-५ निवासी **पहलमान राई** (वर्ष ८६)सँगको अन्तर्वार्तामा आधारित ।

पुर्खाहरु, कुवीहरु, तायामीहरुबाट चुल्हो स्थापना गर्नुपर्दछ ।[१४] साम्पाङ राईहरुले तीन चुल्होलाई वर्षमा दुईपटक उभौली-उधौली र अन्नबाली पाकेपछि एकपटक गरी कम्तीमा तीनपटक पूजा गर्ने गर्दछन् । पूजा कुवी (विजुवा/धामी)हरुले गर्दछन् । यस्ता कुवीहरुमा काउले कुबी अर्थात् सेलाम्पा, नागरे कुबी अर्थात् धिरिम्पा र साकेवा कुबी अर्थात् मुक्तिमी गरी तीनथरि पर्दछन् । यिनीहरुको आ-आफ्नै क्षेत्र र मान्यता हुन्छ ।

**क) काउले कुवी अर्थात् सेलाम्पा** : आफूलाई छिःले रुचाएको थाहा भएपछि पुराना कुवीहरुलाई गुरु मानेर उनीहरुबाटै तन्त्रमन्त्र तथा मुन्धुम सिकेर कुवी बन्ने गर्दछ । यिनीहरुले ढोल, ढ्याङ्ग्रो, काउलो चलाउँछन् तर नागाले गर्दैनन् । मुन्धुम विधिअनुसार भेद (बेथाकष्ट) निकाल्छन् र खान्छन्; सखेवा पूजा, छम्मधम गर्दैनन् । मृत आत्मा सहज र असहज दुवैखालकालाई धार्मिक र संस्कारगत विधिअनुसार बाटो दिने काम गर्दछन् । साथै सुवँभ्रमा (पितृकार्य) पनि गर्दछन् । यसरी पितृकार्यको साथै मृत्यु संस्कारका सवैखाले कामहरु गर्दछन् । तर, नागा तथा छम्मधम भने गर्दैनन् ।

(**ख**) **नागरे कुबी अर्थात् धिरिम्पा** : धार्मिक विश्वासअनुसार आफ्ना छिःले रुचाएपछि यस प्रकारका कुवीहरु आफैं कुबी बन्ने गर्दछन् । सम्पूर्ण मुन्धुम मन्त्रहरु सपनामा छिःले नै सिकाउँछ भनिन्छ । मुन्धुम तथा कुनै तन्त्रमन्त्र अरुलाई गुरु मानेर सिक्नु आवश्यक पर्दैन । यस्ता कुवीहरुले ढोल मात्र चलाउँछन्; ढ्याङ्ग्रो, काउलो चलाउँदैनन् । चिन्ताका साथै नागा पनि गर्दछन् । भेद निकाल्छन् तर खाँदैनन्, उडाउँछन् । साकेवा पूजा र साकेवालुङ पनि निकाल्ने गर्दछन् । मृत्यु संस्कारमा सहज मृतकको मात्र संस्कारगत कार्यहरु गर्दछन् । असहज मृतकको संस्कार कार्य गर्दैनन्, नागा तथा चाम्चे गर्दछन् तर छम्मधम गर्दैनन् ।

---

[१४]. वासपानी-९ का **दीर्घसिं राई** (८५ वर्षीय)का अनुसार चुल्हो स्थापना गर्दा वाचन गर्ने मुन्धुम- "**छिलुङ्मा, मालुङ्मा अथेपा सवदला बुकुली तुवानाक, छिलुङ्मा मालुङ्माङो, हने नो बुक्छामीवा चिखिम पोकुहँ, हने नो लाम्मा ताइमा फफलायान खुँमा भेम्मा भेनामा तातान्मा हने छिलुङ्मा मालुङ्माङो नोछिनोरिलोनओ, हने सकुलुङ्, दिमालुङ्, लोमालुङ्, तायालुङ्, साप्सालुङ्, छुरिलुङ्, चसुमलुङ्, लोमालुङ् हने मेनाके । बुक्छामीचेउ, सकुचेउ, दिपाचेउ, छुरिमी कसुमिची, कुबिमी, मवमी, तायामी, सेलेमीचेउ । अम्लामी, फोपोमी, रुम्पमी, छम्पमी, खरुमी, सेलेमीचेउ । बुलुमीची, सकुदिपाची बुक्छामीचेउ** (चोखो रक्सी वा चोखो जाँड चिण्डोबाट अगेनामा चढाउने) **खमलुंमे, दिमालुंमे बुङ्खामाची ।**"

**(ग) साकेवा कुवी अर्थात् मुक्तिमी** : साकेवा कुवी पनि भनिने मुक्तिमी पनि कुबी नै हुन् । यस प्रकारका कुबीहरु पनि आफ्ना छिःले रुचाएपछि आफैं कुबी बन्ने गर्दछन् । सम्पूर्ण मुन्धुमहरु सपनामा छिःले नै सिकाउने विश्वास भएकोले पुराना कुवीहरुबाट सिक्नु आवश्यक हुँदैन । नागरे कुबीजस्तै भए पनि यस्ता कुबीहरुको धार्मिक कार्य गर्ने प्रक्रिया केही फरक रहेको देखिन्छ । कसैले सपनामा गुरुले दिएअनुसारको मुन्धुम, ढोल, ढ्याङ्ग्रो दुवै चलाउन पनि सक्छन् भने कसैले ढोल मात्र चलाउँछन् । सखेवा लुङ (ढुङ्गा) निकाल्ने र साकेवा पूजा पनि गर्दछन्, नागा/छम्मधम दुवै गर्दछन् । पितृ पूजा गर्छन् । आफ्ना छिःले दिएअनुसार कसैले सहज मृत्यु संस्कार मात्रै त कसैले सहज र असहज दुवैखाले मृतकको संस्कार गर्दछन् । काउलो चलाउँदैनन् तर प्रायः सबै प्रकारका धार्मिक र संस्कारका कार्यहरु गर्दछन् । यस्ता धिरिम्पा र मुक्तिमीहरुलाई चोखो धामी पनि भनिन्छ ।[१५] यी तीनथरिमध्ये एकले गर्ने धार्मिक कार्यहरु प्रायः अर्काले गर्दैनन् । आफ्नो छीः (अदृश्य शक्तिको रुमा मानिने गुरु)ले दिएको मन्त्र-विद्याअनुसार मात्र कार्यहरु सम्पन्न गर्नुपर्ने कुरा उनीहरु बताउँछन् ।

**नागा अर्थात् चाम्चे** : यो पनि पितृ पूजा नै हो । तर, यो विशेष अवस्थामा मात्र गर्ने गर्दछन् । विवाहित महिलाहरुबाट सन्तान नभएमा सन्तान प्राप्तिका लागि, कुलपितृ बिग्रिएर ठूलो रोगव्यधि फैलिएर धेरै समस्या आइपरेको हो भनी कुवीहरुले बताएमा मात्र यो पूजा गर्ने गरिएको पाइन्छ । यो पूजा विशेष परिस्थितिमा मात्र गर्ने गरिन्छ । यो पूजा निकै खर्चिलो मानिन्छ र विशेष रुपमा गरिन्छ ।

यो पूजा दुई चरणमा पूरा हुन्छ, जसलाई छिदम (सुरू) र दिदम (अन्त) भन्ने गर्दछन् । उभौलीमा छिदम, उधौलीमा दिदम गर्नुपर्दछ । अर्थात्, कुन समयमा थाल्ने र कहिले सक्ने निश्चित गरेर व्यवस्था मिलाउनुपर्दछ । छिदम गर्दा कुखुराको भाले आवश्यक पर्छ भने दिदम गर्दा सुँगुर नै आवश्यक हुन्छ । नागा गर्नलाई आवश्यक पर्ने अन्य सामानहरुमा ढोल, झ्याम्टा, कुखुराको भाले, सुँगुर, लुभुधी, दप्मधी (कोदोको चोखो रक्सी र जाँड), आठ-आठ पाथी चामल, अदुवा, अदुवाको बोट, ढोल, झ्याम्टा, नागरे कुवी, कोंकोदे (ढोले) आठजना, मासुमीहरु (नाच्ने स्त्रीहरु) जोडी सङ्ख्यामा, केराको पात, चिण्डो, दुईतर्फ आठ-आठवटा बोखपो (वनकेरा) आदि हुन् । कुबीहरुले पनि विशेष रुपमा नै आफ्ना गुरुबाट पाएको

---

[१५]. फेदी-२ का **रत्नबहादुर राई** (८७ वर्षीय, हाल स्वर्गीय) सँगको अन्तर्वार्तामा आधारित ।

मानिएको ललहिम बुलाहिम अर्थात् घण्टी-मालालगायतका सिल्तँकुमा, सिल्दुङ, सिवारी, अम्रिबुङ कपालमा लगाएर पूजा सम्पन्न गर्दछन् । पुरानो भनाइअनुसार यो सिल्तँकुमा आफ्ना परमपुर्खा तँमा-खेमाले नै सृजना गरेको हो । यो पूजामा कुवीहरुले मुन्धुमविधिअनुसार साखेवा घुम्दै विभिन्न स्थानहरुमा विभिन्न सिली (नाच) गर्ने गर्दछन् । कुवीहरु सुरुमा घरको चुल्होबाट मूलढोका, सिकुवा, आँगन, धारा, कुवा हुँदै हिमाल, पहाड, मधेस जस्ता विभिन्न स्थान घुमेर फेरि आफ्नै घरको चुल्होमा आएर विधिपूर्वक पूजा सम्पन्न गर्ने गर्दछन् । मुन्धुमविधिअनुसार साखेवा घुमेर विभिन्न स्थानहरुमा पुगेका बखत सो स्थानअनुसारकै विभिन्न शिलीहरु पनि गर्नुपर्दछ । यस प्रकारको पूजा गरी सन्तान नहुनेले सन्तान मागेमा प्राप्त हुन्छ, कुनै ठूलो रोगकष्ट लागेको पनि निको हुन्छ भन्ने जनविश्वास पाइन्छ ।[१६]

**छम्मधम** : साम्पाङ राई जातिमा रहेको अर्को महत्वपूर्ण कूलपूजा छम्मधम हो । विरलै र विशेष रुपमा मात्र गरिने यो पूजा सामान्य व्यक्तिहरुले गर्ने गरेको पाइँदैन । धेरै

---

[१६]. बासपानी-९ खोक्मा निवासी कुवी **बखतबहादुर राई**का अनुसार कुवीहरु सखेवा घुम्ने प्रक्रियागत मुन्धुमको विवण- "चिखिम्खिम्→ सुतुलुङ→ फलेकु→ सिकेल्कु→ पँतेल्कु→ चारीकु→ खोकवालुङ् खुवालुङ् (सायासिली)→ सकेवा सुविवा विलुङ्दे ताम्गिमा (सायासिली) सकेवा सुविवा, मछेबुङ् छुँयुमा (सायासिली), सकेवा सुविवा, फुर्कुतेमा→ (सायासिली)→ सकेवा सुविवा,→ तोहँकुतोमाखिम् धिरिहिती→ (तोंसासिली),→ विलुङ्दे वारिमा वतुप्खा छेयातुप् वतुप्खा (सायासिली),→ बानाको वारिमा वतुप्खा (चेफासिली) पहाको बच्चा,→ दिक्खङ्कु वारिमा वतुप्खा छेरिमा वतुप्खा (चेफासिली),→ खरम्बु डाक्छापामी चाप्चालेउ लेँलिखिम्पी (चाप्चासिली),→ लिम्भुङ्पु वरिमा बातुप्खा छेमतुम् वतुप्खा (चेफासिली),→ संसरबुङ् समेरबुङ् चकन्वा वकादुम् तोक्सोलुङ् सिमाछी लेमाछी (कलेरुमा सिली),→ रातुप वतुप्खा रावाताप्खोला दोभान  (ङासिली),→ हिवारी लछुमापी (सुरीवापासिली),→ हँःमालिमा तप्सुना दिपामाखिम् (फुत्तसिली),→ जरंखा (सखेवासिली, सायासिली),→ रावापुई वापुइखा छिछपुई वापुइखा, छिवापुई वापुइखा (सायासिली),→ सदुङ्मा दुङ्मुपा मंकुली खेदँःस (सिरिमी यारिमीसिली),→ लाछेरधँः छिर्कुम्दँः लारेयँः राछेप रादुलु पिछेमा पिदुलु खँःरवा भोमुकु सिविसे वोहुमा नाम्कुदँः छेरकुम्दँः (सायासिली),→ जरामुराने हंगुमा हुरुमा (थलुङ्सिली, 'साँगो तर्ने सिली' सबुङ्खा सिली)→ साम्फाने मारीखिम्तँः (मवा करेपासिली) कल्चुडा,→ बुनानी तामाखिम्पी (सायासिली) कुवी वस्ने ठाउँ,→ सिलिचँः ङलचँः तँःवा (तवासिली),→ सालपा धिरितीपी आन्दोप (चन्दोप् सिली) सेतोबाँदर,→ छमवा पोखरीपी (बेसारासिली),→ रम्फेलुङ् छम्फेलुङ्पी (सायासिली),→ दाम्रेवा दुवेना लुम्तीकु लुम्रेपा लमहँःवा वाछेकुमछामी साखेवा छिहरर (सायासिली),→ धबुधेकापी (सायासिली),→ सुविवा तम्मला, गुङ्गुकु हँःलमा दुँःरिपा दुँःरियामी साकेकु योतुमापी (सायासिली)→ खुवाबुङ् नछेरुङ् बुक्छायुपा विरुबेतुक पाचीहँः नाछारुङ् लारस बुक्छामीसँः लारसा (सायासिली),→ धेम्मालुङ् छियातुप वातुप्खा (सायासिली),→ घट्टा खिम्विरीदिम्,→ खुवालुङ  खोकलुङ्→ पँतेकु चारीकु→ दुवारी फलेकु→ सुतुलुङ … प्रवेश भई पूजा सम्पन्न गर्नुपर्दछ ।"

खर्चिलो हुने र कुबी पाउन गाह्रो पर्ने हुँदा अहिले यो पूजा गर्ने परम्परा लोपोन्मुख अवस्थामा पुगेको छ । यो पूजाको अर्थ र मान्यता पनि बेग्लै किसिमको रहेको छ । यो पूजा व्यक्तिले आफू जीवित छँदा आफ्नै नाममा गरिने कूलपूजा हो । यस्तो पूजा गरेपछि मृत्युपश्चात् संस्कारका कार्य गर्नुपर्दैन । यो पूजा जीवनको अन्तिम क्षणतिर मात्र गर्ने गरिन्छ । यो पूजा गरिसकेपछि उक्त व्यक्ति ६ महिनादेखि वर्ष दिनभन्दा बढी जीवित रहँदैन भन्ने विश्वास गरिन्छ । जीवित छँदा जसले यस प्रकारको धार्मिक कार्य गर्दछन्, मृत्युपश्चात् उसको मृत आत्माले खान-लाउन पाउँछ भन्ने जनविश्वास छ ।

**छम्मधम गर्ने प्रक्रिया** : छम्मधम गर्दा कुखुराको भाले, सुँगुर, लुगुछी/दप्मछी (कोदोको जाँड), अदुवाको बोट ३२ सर, ढोल, झ्याँम्टा, चिण्डो दुवैतर्फ आठ-आठओटा, मासुमी आठबैनी, साखेवा कुबी (विजुवा), कोंकोद (ढोले) आठजना, तायमी (विद्वान्) सोह्रजना, बोखपो (बनकेरा), सोह्र पाथी चामल, सोह्र कठुवा रक्सी आदि सामान जुटाएर पूजा सम्पन्न गर्नुपर्दछ ।[१७] यो पूजा गर्न नागा गर्दाको जस्तै सामानहरु जुटाउनुपर्छ तर नागाको भन्दा दोब्बर सामान र खर्च छम्मधम गर्दा लाग्दछ । पूजाका प्रकार भने प्रायः नागाकै रुप र समयमा गर्नुपर्दछ । यो उधौली वा उभौलीमा सुरु गरी उधौली वा उभौलीमा नै सम्पन्न गर्नुपर्छ।

छम्मधम गर्दा कुबीहरु मुन्धुमविधिअनुसार विभिन्न प्रकारका नाचहरु गरी सम्पन्न गर्दछन् । कुवीहरुले विभिन्न नाचहरु प्रस्तुत गर्दछन् जसलाई सिली भनिन्छ । कुवीहरु आफ्नो मुन्धुमअनुसार साकेवा घुम्ने क्रममा जुन ठाउँमा पुग्दछ त्यसैअनुसारको फरकफरक सिलीहरु गर्नुपर्दछ । त्यसबखत समयसमयमा सगुन स्वरूप सबैलाई रक्सी बाँड्नुपर्दछ, जसलाई 'मलिम' भनिन्छ ।[१८] पहिलापहिला कुबी (विजुवा)हरुले मुन्धुम विधिअनुसार पूजा गर्दै जाने क्रममा सूर्यमा इन्द्रसभा (सूर्यवरिपरि इन्द्रेणी) बसाउँथे, जमिनमा पानीसमेत पार्थे । सोही समयमा कुवीले अगेनामा तताएर राखिएको घ्यूमा सोलोतुमा (चिण्डो)को रक्सीले छर्कंदा आगोको निलो ज्वाला उठी घरको धुरीबाट निक्लेर जाने गर्दथ्यो । यस्तो भनाइ साम्पाङ समाजमा पाइन्छ ।[१९] यसै समयमा तायमीहरुले छम्मधम गर्ने व्यक्तिको नाम लगाउनुपर्ने मान्यता थियो । यस्ता पूजाहरुमा लगाइएका नामहरु स्थानीय जनसमाजमा

---

[१७]. वासपानी-५ का **पहलमान राई** (वर्ष ८६)सँगको अन्तर्वार्तामा आधारित ।

[१८]. फेदी-२ निवासी **दलबहादुर राई** (वर्ष ७१)सँगको अन्तर्वार्तामा आधारित ।

[१९]. वासपानी-५ निवासी **देवानसिं राई** (७६ वर्षीय, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

अहिले पनि सुन्न पाइन्छ । यो जातिमा यसलाई एउटा महान् कार्य मानिन्छ । यो पितृ पूजा गरी विभिन्न पाछाका साम्पाङ राईहरुले अनेक नामहरु लगाएको पाइन्छ । यो कुरा आज पनि गाउँघरका बुढापाकाहरुको मुखबाट सुन्न पाइन्छ भने कतिपयले लिखित रुपमा पनि राखेका छन् ।

यस प्रकार किरात साम्पाङ समाजमा रहेको यस प्रकारको अनौठो संस्कारगत कार्यबाट नाम लगाइएका विभिन्न नामहरु विभिन्न पाछाहरुमा पाइन्छ ।[२०] जस्मा तोरिहाङ, तोमिहाङ[२१] लगायतका विभिन्न पाछाका विभिन्न व्यक्तिहरुले छम्मधम पूजा गरी तायमीहरुले विभिन्न समयमा पुर्खाहरुले लगाएका नामहरु स्थानीय पहलमान राई साथै अन्य व्यक्तिहरुको

---

[२०]. वासपानी-५ का **पहलमान राई** (वर्ष ८६)सँग रहेको सङ्कलनमा रहेको तोरिहाङ पुर्खाका तायमीहरुले लगाएका नामहरु-

- सुभाङ्गीहाङ् पुर्खा वातुचिको नुङ् (सुभाङ्गीहाङ्ले लगाएको नाम्) “कुविलुङ् पपिता छिरिलुङ्” ।
- चिन्चामीहाङ् पुर्खा वातुचिको नुङ् (चिन्चामीहाङ्ले लगाएको नाम्) “लुम्दुम्से हायुमी” ।
- अनेकहाङ् पुर्खा वातुचिको नुङ् (अनेकहाङ्ले लगाएको नाम्) “तोदुङ्से माछेमा” ।
- अटलहाङ् पुर्खा वातुचिको नुङ् (अटलहाङ्ले लगाएको नाम्) “तोदुङ्से रुबिलुङ्” ।
- आनाथ पुर्खा वातुचिको नुङ् (आनाथले लगाएको नाम्) “कुविलुङ् माछेमा” ।
- पहलमान पुर्खा वातुचिको नुङ् (पहलमानले लगाएको नाम्) “रुतिमा दिबुलुङ् मायुमी” ।
- देवल पुर्खा वातुचिको नुङ् (देवलले लगाएको नाम्) “हरीलुङ् हरिता” ।
- शुभकर्ण पुर्खा वातुचिको नुङ् (शुभकर्णले लगाएको नाम्) “सीरिसे मारिलुङ् माछेमा” ।
- हर्कगन्ज पुर्खा वातुचिको नुङ् (हर्कगन्जले लगाएको नाम्) “तोदुङ्से नुनैमी” ।
- सप्तेपा पुर्खा वातुचिको नुङ् (सप्तेपाले लगाएको नाम्) “मछेमा कुविलुङ् बुरुनी निलुङ् पापीता” ।

[२१]. बासपानी-४ निवासी **मणीप्रसाद राई** (वर्ष ७७)बाट प्राप्त जानकारीअनुसार तोमिहाङ पुर्खाहरुबाट लगाइएका नामहरु-

- परमानन्द पुर्खा वातुचिको नुङ् (परमानन्द पुर्खाले लगाएको नाम) “मयुङ्से नुनैमी नुनैमा” ।
- तुलाराम पुर्खा वातुचिको नुङ् (तुलाराम पुर्खाले लगाएको नाम्) “सिरिसे मारीलुङ् मातुमा” ।
- गंगादास पुर्खा वातुचिको नुङ् (गंगादाश पुर्खाले लगाएको नाम्) “तोदुङ्मी बुरिलुङ” ।
- दिलमान पुर्खा वातुचिको नुङ् (दिलमान पुर्खाले लगाएको नाम्) “तोदुङ्से मरिमी” ।
- लोहविर पुर्खा वातुचिको नुङ् (लोहविर पुर्खाले लगाएको नाम्) “लुम्दुम्से हरिमी” ।
- बाकामणी पुर्खा वातुचिको नुङ् (बाकामणी पुर्खाले लगाएको नाम्) “तोदुम्से हरिमी मादुम्से मायुमी” ।
- पान्दुमान पुर्खा वातुचिको नुङ् (पान्दुमान पुर्खाले लगाएको नाम्) “सिविसे हेलुङ मादुम्से  दिलुबुङ” ।
- सप्तलसिं पुर्खा वातुचिको नुङ् (सप्तलसिं पुर्खाले लगाएको नाम्) “वाकुसे नाम्लुङ्कु मतिबुङ” ।

सङ्कलनबाट प्राप्त भएका छन् । जुन प्रकारका नामहरु कुवी भाषामा भएकाले त्यसको शाब्दिक अर्थ भने बुझ्न सकिएको छैन । यसरी तोमीहाङ पुर्खाहरुका तायमीहरुले विभिन्न समयमा उच्चारण गरेका आठजनाको नाम मणिप्रसाद राईबाट प्राप्त भएको छ । यस्तैगरि समारुङ पाछाका एकको नाम 'माछेमा मापुर्मी ब्वाँले मायुङ्मा' पनि पाइएको छ ।[२२] यस्ता सबै नामहरु कुबी भाषाबाट लगाइएका छन् । यो पूजाविधि प्रक्रिया आदिको जटिलता र दक्ष व्यक्तिहरुको अभावका कारण प्रचलनमा पाइँदैन । छम्मधम साम्पाङ राई समाजबाट लोप हुने अवस्थामा छ । यसअतिरिक्त साम्पाङ राईहरुले अन्य विभिन्न देवीदेवताहरुलाई पनि इष्टदेवको रुपमा मान्ने गरेको पाइन्छ ।

## घरपरिवारसँग सम्बन्धित पूजा

साम्पाङ राईहरु घरपरिवारसम्बन्धी विभिन्न पूजा गर्दछन् । यस्ता पूजाहरु परम्परामा आधारित छन् । यी पूजाका आधारस्तम्भहरु निम्न छन् :

### (क) मूलखाँबो

साम्पाङ राईहरुको घरभित्र अगेनाको सामुन्ने एउटा मूलखाँबो राखिएको हुन्छ । यो घरको मूल स्तम्भ हो । यो जमिनदेखि घरको धुरीसम्म हुन्छ । यसलाई घरका सदस्यहरुको स्वास्थ्य आदि निर्धारण गर्ने माध्यम मानिन्छ । विभिन्न चाडपर्वहरुमा मूलखाँबोलाई टीका लगाइदिएपछि मात्र अन्य सदस्यहरुले टीका लगाउँछन् । यसलाई घरको मूल आधार मानिन्छ ।

### (ख) मूलढोका

साम्पाङ राई समाजमा घरको मूलढोकालाई पनि पूजा गर्ने गरिन्छ । विशेषगरी घर निर्माण गरिसकेपछि मूलढोकाको पूजा नगरी आवतजावत गर्न नहुने मान्यता उनीहरुमा रहेको छ । यसरी पहिलोपटक घर बनाइसकेपछि मूलढोकाको पूजा गर्ने र विभिन्न चाडपर्वहरुमा मूलढोकाको पूजापछि मात्र अन्य कर्म गरिन्छ ।

[२२]. वासपानी-४ निवासी **पहलमणि राई** (वर्ष ७०)बाट प्राप्त जानकारीअनुसार ।

**व्यवसायसँग सम्बन्धित पूजा**

साम्पाङ राई समुदायमा आफ्ना पितृपुर्खा लगायत पेशा, व्यवसाय तथा आफ्ना जीवनसँग सम्बन्धित रहेका विभिन्न इष्टदेवहरुको पनि पूजा गरिन्छ । यस प्रकारका इष्टदेवहरु निम्न पर्दछन् :

**(क) भूमे/सखेवा**

यो जातिले राम्रो खेतीपाती होस् भन्नाका लागि वैसाख पूर्णिमालाई उभौलीको रुपमा र राम्रो फल दिएकोमा कृतज्ञता स्वरुप मंसिरे पूर्णिमामा भूमे/सखेवा (धर्ती, जल, जङ्गल, जमिन) तथा नागनगेनीको पूजा वर्षको दुईपटक गर्ने गर्दछन् । यो पूजा मात्र नभएर मुख्य चाड पनि हो ।

**(ख) पूर्वेदेव**

साम्पाङ राईजातिले मान्ने गरेको इष्टदेव पूर्वेदेउ पनि हो । यो जातिले पूर्वेदेवको पूजा विशेषगरी खाद्यान्न राख्ने ठाउँमा गर्दछन् । यो पूजा वार्षिक रुपमा प्रायः मंसिर महिनातिर गर्ने गरेको पाइन्छ । तर, कसैकसैले वर्षको दुईपटक उधौली र उभौलीमा पनि गर्ने गर्दछन् ।[२३] यो पूजा माथिल्लो तलामा हुन्छ । पूजा गर्ने दिनमा विहानै घरआँगन लिपपोत गरी पूजास्थानलाई पनि सफा गरी दुईवटा सानो कोठा (चोयाबाट बनाइएको डालोजस्तै) एउटामा चुली कोदो र अर्कोमा धान भरेर त्यसको अगाडि एक माना चामल, अदुवाको टुक्रा, चिण्डोमा कोदोको चोखो जाँड राखी त्यसमा केराको पात राखेर छेवैमा केराको पात ओछ्याएर थान तयार गरिन्छ ।

यस्तै दायाँपट्टि बाँसको तोङ्बामा जाँड, देब्रेपट्टि दुई कठुवा रक्सी, दुवैपट्टि चामलमाथि दुनामा छँरिसा/नुनैसा राख्नुपर्दछ । यसको साथै अर्को दुनामा वुलुदम (ताँबाको पैसा) पनि राख्नुपर्दछ । कोठामा राखिने भनिएको कोदो र धान चाहिं वार्षिक रुपमा मात्र पुरानो धान, कोदो खन्याएर नयाँ भरेर राख्नुपर्ने मान्यता छ । यसपछि दुईवटा कुखुरा भाले र पोथी चोख्याएर घरको जेष्ठ सदस्यबाट पूजा गर्ने गरिन्छ ।

---

[२३]. खारताम्छा- १ निवासी **भलमान राई** (वर्ष ७१)सँगको अन्तर्वार्तामा आधारित ।

कसैले सुँगुरलाई बली दिएर पनि पूजा गर्ने गर्दछन् । सुँगुर बली दिएर पूजा गरेमा त्यसलाई आँगनमा नै राखेर पूजा गरिन्छ । यसको जोडीका निम्ति कुखुरा राखिए त्यसलाई घरभित्र पूजा गर्नुपर्ने मान्यता छ । मुन्धुम पद्धतिबाट यसको पूजा गरिने प्रचलन छ ।

यसरी बली दिई पूजा गरेको कुखुरालाई प्रसादको रुपमा खाइन्छ । यो पकुवा (प्रसाद) केटाकेटी र विवाहिता चेलीलाई भने दिइँदैन । विवाहिता चेलीलाई दिएमा उसलाई कुल बजुले पछ्याउँदछ र माइतिहरुलाई असर पर्छ भन्ने विश्वास रहेको छ । सुँगुर पूजामा पनि कुखुराजस्तै पकुवा (प्रसाद) विभिन्न ठाउँमा चढाएर खाने मान्यता छ । यस्तै थानमा राखिएको जाँडरक्सी पनि सबैले प्रसादकै रुपमा बाँडेर खान्छन् । यो पूजा धार्मिकजस्तो मात्र देखिए पनि पितृको सम्झनामा गरिन्छ ।

यो मुमाची अर्थात् पूर्वेदेउ साम्पाङबाहेक अन्य समाजमा पनि मान्ने गर्दछन् । तर, तिनका विधिहरु भने फरक प्रकारको रहेको पाइन्छ । जस्तै, वाम्बुले जातिकाले यस पूजामा कुखुरा र सुँगुरको ठाउँमा बाखा पाठाले पूजा गर्दछन् । बाखा पाठा पनि तलामाथि रहेको थानमा नै लगेर पूजा गरी बली दिइन्छ । जबकि साम्पाङ राईहरुमा बाखा खान त होइन, घरभित्र लान पनि हुँदैन भन्ने मान्यता रहेको छ । यसरी एउटै इष्टदेव मानिने भए पनि मान्ने तरिका र प्रयोग गरिने अन्य वस्तुहरु फरकफरक रहेको देखिन्छ ।

**(ग) सिकारी देव**

साम्पाङ राईहरु अहिले विभिन्न कृषि पेशामा आबद्ध भए पनि उनीहरुको परम्परागत पेशा सिकार भएको विश्वास गरिन्छ । त्यही भएकोले सिकारी देवको पूजा गरिन्छ । अहिले सिकारबाट व्यवहार नचल्ने भए पनि कम्तीमा वर्षको एकपटक सिकार खेल्न जाने चलन छ ।[२४]

---

[२४]. वासपानी-५ का **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

**(घ) खोला पूजा**

बाढी-पहिरोबाट वचन र कृषि उत्पादनमा क्षति नपुगोस् भनेर वार्षिक रुपमा साम्पाङ राईहरु खोला पूजा गर्ने गर्दछन् । यो पूजा गर्दा विशेषगरी दुईवटा भाले र पोथी कुखुरालाई खोलाको छेउमा पूजाथान तयार गरी बली दिने गर्दछन् । यो पूजा गर्नलाई कुवीको आवश्यकता पर्दैन, जसले पूजा गर्दा पनि हुने परम्परा छ ।

**(ङ) सन्सारी**

साम्पाङ राई समाजमा सन्सारीलाई पनि मान्ने गरेको पाइन्छ । वर्षको एकदुईपटक गरिने यो पूजा प्रायः शनिबारको दिन पारेर गर्ने गर्दछन् । यो पूजा मुख्यतः कुनै प्रकारको रुघाखोकी, हैजाजस्ता रोगव्यधिहरु नलागोस् भन्ने कामनाका साथ गर्दछन् । घरबाट टाढा वनजङ्गलको छेउमा अस्थायी थान बनाएर कुखुराको अण्डा चढाएर पूजा गर्दछन् । यो सामूहिक गाउँले पूजा हो ।

**(च) गोठपूजा**

साम्पाङ राई समाजमा गोठपूजालाई पनि महत्व दिइन्छ । यो पूजा पशुपालनसँग सम्बन्धित रहेको देखिन्छ । प्रायः वर्षको एकपटक गरिने यो पूजा कसैले उधौली र उभौली गरी वर्षको दुईपटक पनि गर्ने गरेको पाइन्छ ।

यो पूजा गाईगोठमा गरिन्छ । यसमा खिर, चामलको पिठोको रोटी आवश्यक पर्दछ । साथै पातिको धूप पनि आवश्यक मानिन्छ । यो पूजाको लागि थान तयार गरिन्छ । ढुङ्गालाई गोबरले चोख्याइन्छ र धागोले बेरी सिन्दुर राख्नुपर्दछ । ढुङ्गामा खिर, नैवेद राखेर छेउमा एउटा चेप्टो ढुङ्गा राखेर धूप बालिन्छ । यस्तै अर्को एक दुनामा अक्षता र अर्को दुनामा धूप राखी त्यही ढुङ्गामाथि एउटा दूधकुण्ड पनि राखेर कुखुराको भाले धोइपखाली धूप बालेर कुवी वा घरमूलीले पूजा गर्दछन् । यो पूजामा मेरा वस्तुभाउ भीरमा जोगाइदेऊ, किराफाराबाट तर्काइदेऊ र संसार बढाइदेऊ भन्ने आशिर्वाद माग्ने गर्दछन् ।

यसैगरी त्यही टाट्नाको बायाँपट्टि गोसाइ, गोसाइनीको थान बनाइन्छ । यो थान पनि महारुद्रकै जस्तो गरी पहिला एउटा चेप्टो ढुङ्गा गोबरले लिपेर बिछ्याई

त्यसको सामुन्नेमा दुईवटा ढुङ्गाको थपना राखी त्यसलाई पनि काँचो धागोले बेरेर सिन्दुर लगाई बीचमा दुनामा खिर, नैवेद, दुईवटा कुण्ड, छेउमा धूप पोल्ने ढुङ्गा, दुईवटा कुखुरा भाले र पोथी धोइपखाली तयार गरिन्छ । महारुद्रकै जस्तो पूजा गरी आशिर्वाद मागेर कुखुरा काटिन्छ । टाउको त्यहीं छाडेर खुट्टा, पखेटा र कलेजो पोलेर पकुवा चढाउने गरिन्छ ।

यस्तैगरी गाई वा भैंसीको मूल किलामा अर्खौले थोकरको नाममा पूजा गर्ने परम्परा पाइन्छ । त्यहाँ पनि अन्य ठाउँमा जस्तै किलाको सामुन्ने एउटा चेप्टो ढुङ्गा बिछ्याएर गोबरले लिपपोत गरी दुईवटा ढुङ्गाको थपना राखेर पानीले सफा गरिन्छ । धागोले बेरेर सिंदुर लगाई थान तयार गरेर ढुङ्गामाथि दुईवटा दूधकुण्ड, दुनामा खिर, नैवेद, छेउमा धूप अक्षता राखिन्छ । र, फलाक्दै आशिर्वाद मागेर कुखुरालाई तीनपटक कलशको पानीले पर्छाएर काटी खुन थपना ढुङ्गामा पारिन्छ । टाउको त्यहीं छाडेर केही प्वाँखहरु थानमा चढाइन्छ । खुट्टा, पखेटा र कलेजो पोलेर पकुवाको रुपमा चढाउने चलन छ ।

यसपछि अर्को किलामा सीताखौ सिकारीको पूजा गर्दछन् । त्यहाँ पनि चेप्टो ढुङ्गा बिछ्याएर गोबरले लिपेर एउटा ढुङ्गा थपना राखिन्छ । त्यसलाई धागोले तीन फन्को बेरेर सिन्दुर लगाई एउटा दूधकुण्ड, खिर दुनामा, नैवेद चढाई धूपअक्षता तयार गरेर फलाक्दै आशिर्वाद माग्दै कुखुरा तीनपटक पर्छाएर काटिन्छ । खुन थपनामा पारी केही प्वाँखहरु उखेलेर चढाइन्छ । खुट्टा, पखेटा र कलेजो पोलेर पकुवाको रुपमा चढाउने गर्दछन् ।

अर्को किलामा हरीकर्ने विजुवाको नाममा पनि पूजा गर्ने गर्दछन् । त्यहाँ पनि माथि उल्लेख भएअनुसार नै पूजा हुन्छ । यस्तै अन्य देवीदेवताहरुको रुपमा सिमपाने, केराबारे, दुङ्माली पनि मान्ने गर्दछन् । तर, यी सबै प्रकारका देवदेवीहरु मान्ने क्रम अहिले घट्दै गएको देखिन्छ ।

यी सबै पूजामा मारिएको कुखुराको पकुवा महारुद्रको चाहिं मुख्य गोठालाबाहेक अन्य व्यक्तिले खान हुँदैन भन्ने मान्यता रहेको छ । यसलाई डेली (मालिङ्गोका चोयाबाट बनाइएको गोठमा सामान राख्ने एक प्रकारको सामान)भित्र राख्ने गर्दछन् । तर, सबै पूजाको कुखुराको पकुवा प्रसादको रुपमा खाइन्छ । यसरी

पकुवा खाइसकेपछि गोठपूजाको कार्य सम्पन्न भएको मानिन्छ । यो पूजाबाट आफ्नो गाईवस्तुहरुलाई रोग लाग्दैन, वस्तुहरुको सङ्ख्यामा बृद्धि हुन्छ भन्ने उनीहरुको विश्वास रहेको पाइन्छ ।

**अन्य देवीदेवाता**

साम्पाङ राईहरुमा घर तथा व्यवसायसँग सम्बन्धितबाहेक अरु पनि इष्टदेवहरु छन् । विभिन्न धार्मिक आस्थाका आधारमा उनीहरुले विभिन्न देवदेवीहरुको पूजा गर्ने गरेको पाइन्छ । ती निम्न रहेको पाइन्छ :

(क) **भीमसेन**

यो समाजमा पाँच पाण्डव भीमसेनलाई पनि इष्टदेवकै रुपमा मान्ने गरेको पाइन्छ । यो पूजा दुई प्रकारले गर्ने गर्दछन् । पहिलो, हरेक दशैंको टीकाको समयमा अर्थात् टीका सुरु हुनुपूर्व यो पूजा गर्दछन् । यो पूजा नगरेसम्म टीका लगाउन हुन्न भन्ने भनाइ छ । यो पूजाको निम्ति घरभन्दा बाहिर चोखो ठाउँमा तितेपाती, भीमसेनपाती गाडेर थान बनाई पाँचैवटा ढुङ्गाको थपनामा एकएकवटा भेटीपैसा पनि राखिन्छ । जसमा दायाँपट्टिको अग्लो थपना राख्ने गरेको पाइन्छ । थपना ढुङ्गाहरुलाई पानीले पखाली सफा गरेर काँचो धागोले तीन फन्को बेरेर शिरमा सिन्दुर लगाई छेउमा धूप बाली एउटा कठुवामा रक्सी राखेर सेतो भाले र एउटा पोथी ल्याएर पूजा गरिन्छ । कुखुरालाई काटेर थपनाहरुमा खुन चढाउँछन् । कतिपयले यस पूजामा राँगा अथवा भेडा पनि चढाउने गर्दछन् ।

भीमसेन शान्ति अथवा बलका देवता हुन् । खासगरेर बल तथा शक्ति प्राप्तिको लागि गरिने यो पूजा सम्पन्न भएपछि दशैंको टीका लगाउने साइत खुल्दछ भन्ने मान्यता रहेको पाइन्छ ।

(ख) **पंचौली**

साम्पाङ राई समाजमा नियमित रुपमा नभएर भाकलकै रुपमा कहिलेकाहीं मात्र गरिने अर्को पूजा पंचौली हो । यो पूजामा खासगरी कुनै व्यक्ति देशपरदेश जान लाग्दा र गएको ठाउँमा सुखसुविधा होस्, चिताएको काम पूर्ण होस् भनी भाकल गर्ने

चलन देखिन्छ । भाकल पहिलो पूजा हो र ती काम पूरा भएपछि गरिने पूजा दोस्रो हो । यसैगरी यो पूजा सन्तान नहुनेले सन्तान प्राप्तिका लागि पनि गर्ने गर्दछन् । यस प्रकारको पूजा नदीकिनारमा माथिकै विधिअनुसार गर्दछन् ।

**(ग) राँकुले (वनको) पूजा**

साम्पाङ राईहरु राँकुले अर्थात् भीरको देउताको पूजा पनि गर्दछन् । यसको पूजाविधि माथिझैं भए पनि थप पानको पात र केराको पात आवश्यक पर्दछ । यो पूजामा साखेवा घुम्नुपर्ने भएकाले घरका सामान्य सदस्यहरुले गर्न सक्दैनन् ।[२५] यी सबै कुराको राम्रो ज्ञान हुनेले मात्र यो पूजा गर्न सक्छन् । यो पूजा धामीले आफ्नो मुन्धुम विधिअनुसार कुखुराको भालेलाई तीनपटक कलशको पानीले पर्छ्याएर काटी त्यसको खुन राख्नुपर्दछ । त्यसपछि खुट्टा, पखेटा र मुटुकलेजो निकाली पोलेर थानमा चिमोटेर पकुवा चढाउनुपर्ने मान्यता देखिन्छ । यो पूजा उधौली वा उभौलीमा एकपटक मात्र गर्ने गर्दछन् । यो इष्टदेवको सेवा गर्नुको मुख्य कारण मानसिक अवस्था सुदृढ पार्नु हो ।

यसअतिरिक्त साम्पाङ राई समाजले खोटाङ जिल्लाको उत्तरी भेग, भोजपुर जिल्लाको दक्षिणी भेग र सोलुखुम्बु जिल्लाको दक्षिणी भेग अर्थात् यी तिनै जिल्लाको संगममा पर्ने 'सालपा' देवी; खोटाङ जिल्लामा पर्ने किरातीहरुको पुर्खाले प्रयोग गरेको प्राचीन हलेसी गुफा; डाँडाखोला, भीर पहरा, वनजङ्गल, जमिन, आकाश सबै प्रकृतिका वस्तुहरुको पूजा प्रार्थना गर्ने गर्छन् ।[२६]

## ५.५ चाडपर्व

साम्पाङ राईहरु वार्षिक रुपमा विभिन्न प्रकारको चाडपर्वहरु मान्ने गर्दछन् । यस्ता चाडपर्वका समयमा आफ्ना पितृ आत्मा, धरती, नागनगेनी, देवदेवीहरुको पूजापाठ गरी आफ्नो र घरपरिवारको सुखशान्तिको कामना गर्दै मिठो खाने, राम्रो लगाउने गर्दछन् । यस्ता चाडपर्वहरु निम्न प्रकार रहेका छन् :

---

[२५]. फेदी-८ निवासी **तीर्थमणि राई** (वर्ष ६८)सँगको अन्तर्वार्तामा आधारित ।

[२६]. स्थानीय भनाइमा आरित ।

**(क) उभौली र उधौली**

साम्पाङ राईहरुले मान्ने विभिन्न चाडपर्वहरुमा उधौली (मंसिरे धान्य पूर्णिमा) र उभौली (वैसाखे चण्डी पूर्णिमा) रहेको पाइन्छ । यो चाड बुढापाकाहरुको भनाइअनुसार किरातहरु जङ्गली तथा सिकारी युगबाट कृषि पेशामा आवद्ध भएदेखि सुरु भएको हो । यो चाड खोटाङ जिल्लाबाट सुरु भएर अरु ठाउँमा विस्तार भएको विश्वास गरिएको पाइन्छ । भोजपुर र खोटाङको सिमानामा पर्ने छोङ्खा साकेन्वा (चाडको समयमा पूजा गरिने देवस्थल)लाई सबैभन्दा पुरानो साकेन्वा थानको रुपमा मान्ने गरेको पाइन्छ । त्यहाँ भएको वि.सं. १४५८ तिरको शिलालेखबाट यो कुराको पुष्टि हुने कुरा पदम राईले उल्लेख गरेका छन् ।[२७] यो पर्व मान्ने विधि भने साम्पाङलगायत अन्य राईहरुका केही फरक पाइन्छ ।

साम्पाङ राई समाजमा यो चाड मनाउने आफ्नै प्रक्रियाहरु रहेका छन् । गाउँघरमा यो चाडको बेला नागपूजा/भूमेपूजा गरी साकेवा कुबीले खोलाबाट सखेवालुङ (पूजाथानमा पुजिने अण्डा आकारको ढुङ्गा) निकालेर साकेला थानमा राख्छन् । र, सबै गाउँलेहरु भेला भई सामूहिक रुपमा पूजा गरी एकैसाथ साकेला सिली नाच नाच्ने चलन रहेको पाइन्छ । पूजा सकिएपछि सखेवालुङ अर्थात् धीःलाई पूजाथानमा नै गाडेर राख्ने गर्दछन् । यो प्रक्रिया दोहोरिरहन्छ । प्रत्येक पूजाको समयमा सखेवालुङलाई खनेर निकाली पूजा गर्ने चलन छ । यसरी गाडिएको ढुङ्गाको सङ्ख्या थपघट भैरहने विश्वास गरिन्छ । उनीहरु यसको संख्या बढ्नुलाई शुभ र घट्नुलाई अशुभको सङ्केत मान्दछन् ।

खोलाबाट साखेवालुङ ढुङ्गा निकाल्ने नागरे कुवी (धामी) नै हुनुपर्दछ भनिन्छ । तर, अहिले आएर यस्ता साखेवालुङ निकाल्न सक्ने मुन्धुमी शक्ति भएका कुबीहरु नपाइने स्थानीय भनाइ छ । यस्तो कुबी सपनामा नै मुन्धुमी विद्या पाएर आएको हुनुपर्दछ, कसैले सिकाएर वा आफ्नो चाहनाले हुँदैन भनिन्छ । हाल यस्ता कुबीहरुको अभाव हुँदै गएको छ । बासपानी-९ का कुबी नीरकुमार चिन्ता व्यक्त गर्दछन्- 'साखेवालुङ त धेरैले भुल्दै गइसकेका छन्, अर्कातिर नयाँ पिँढी त यसबारे अनभिज्ञ पनि छ ।'

[२७]. पदम राई, "किरात चाड : साकेल/साकेन्वा", **सोदेल,** (वर्ष-९, अङ्क-८, यलेथो ५०७०), पृ. ३४ ।

यो चाडको पहिलो दिन साकेला थानमा सखेवा पूजा गरेर साकेला सिली नाचिन्छ । त्यसपछि १०-१५ दिनसम्म विभिन्न गाउँका गाउँलेहरु मिलेर ढोलझ्याम्टा बजाउँदै साकेला नाच नाच्दै रमाइलोसँग यो चाड मान्ने गर्दछन् । यसरी साकेला नाच्दा साकेला थानमा सिपालु मासुमी (विशेषगरी महिलाहरु) सक्रिय हुन्छन् । तर, भूमेथानभन्दा अन्यत्र भने प्रायः महिला-पुरुष संयुक्त रुपमा नाच्ने गर्दछन् । यो नाच सहरबजारतिर पनि निकै लोकप्रिय बन्दै गएको देखिन्छ । यसलाई सहरतिर चण्डी नाच पनि भन्ने गरिएको छ । तर, चण्डी नाच भन्नु गलत भएको स्थानीय ज्ञाता र समुदायको भनाइ छ ।[२८]

उभौली चाड वैसाख पूर्णिमाबाट आरम्भ हुन्छ । साम्पाङ राईहरुको बसोबास क्षेत्रमा एकैदिनमा भूमे पूजा गरिँदैन । गाउँलेहरुले आपसी समन्वय गरी तय गर्दछन् । उदाहरणका लागि फेदीको सुम्देमा प्रायः पूर्णिमाको दिनमा, फेदीकै माखम्लामा अष्टमीको दिन, बासपानीमा द्वितिया तिथिको दिनमा, पाथेकामा हाल कुवी नभएको कारणले केही वर्षयतादेखि पूजा हुन सकेको पाइँदैन भने खार्तम्छामा साकेवा थान नभएकोले अनौपचारिक रुपमा मात्र सम्पन्न गर्ने गरेको पाइन्छ । उनीहरु धेरैजसो बासपानीमा नै सहभागी हुने गरेका छन् ।

यो चाड विभिन्न प्रक्रियामा सम्पन्न हुन्छ । पूर्णिमाको अघिल्लो दिन कुवीको घरमा कुलपितृ पूजा सुरु गरेर मात्र अन्य घरमा कुलपूजा सम्पन्न हुन्छ । पूजामा कुबी आवश्यक मानिन्छ (चित्रफलक नं. २३) । यो पूजा प्रायः राति गरिन्छ । घरभित्र विधिपूर्वक कुबीले चुला पूजा गर्ने हुँदा अगेनाको छेउमा थान तयार गरिन्छ । पूजामा एउटा कलश, दुई कठुवा रक्सी, जोडी चिण्डोमा चोखो जाँड, काँसेथालमा केही अक्षता र जोडी दियो बालेर राखिन्छ । यसपछि कुबीले विधिपूर्वक अफ्नो मुन्धुमअनुसार पूजा सुरु गर्दछन् । कुबीको साथमा एक तायामी, जोडी मासुमी, जोडी ढोलेसमेत हुनुपर्दछ । मासुमीहरु झ्याम्टा बजाउँछन्, ढोलेहरु ढोल बजाउँछन् र तायामीले कुबीलाई पूजा गर्नमा सहयोग गर्दै कुबीले कतै गलत बाटो लिएमा सम्झाएर सही ठाउँमा ल्याउने गर्दछन् । घरबाहिर आँगनमा पनि एउटा कटुसको लिङ्गो गाडेर त्यसको वरिपरि अन्य गाउँले तथा आगन्तुकहरु ढोलझ्याम्टा बजाएर साकेला सिली

[२८]. स्थलगत अध्ययनमा अधारित ।

नाचिरहेका हुन्छन् । त्यहाँ पनि जोडी कठुवामा रक्सी, कलश, जोडी दियो बालेर एउटा दुनामा चामल भिजाएर बेसारसँग मोलेर टीकाको निम्ति राखिन्छ । नाच सकिने समयमा तायामीले सबैलाई टीका लगाइदिन्छन् । कठुवाको रक्सी सबैले खान्छन् । घरभित्र कुबीले विधिपूर्वक चुल्हो पूजा गरी एउटा कुखुराको भाले कलश र चिण्डोको जाँडले पछ्र्याएर मार्छन् । खुट्टा, पखेटा, मुटुकलेजोलाई कुबीले आफ्नो विधिअनुसार पकुवा चढाएपछि प्रसादको रुपमा सबैले खान्छन् । यस प्रकारले सबैको घरमा पूजा गरिसकेपछि पहिलो दिनको कार्य सम्पन्न हुन्छ ।

दोस्रो दिन साकेवा थानमा पूजा गर्नुपर्ने भएकाले पूजाथानको नजिकको अथवा तायमीको घरमा चुल्हो पूजा गरी कुबीले भूमेथानमा पूजा गर्दछ । यसपछि कुबीले घण्टीमाला, सिल्ताकुमा, बेखालगायतका सामानहरुसहित चुल्हो पूजा गर्दछन् । यसको साथै लिङ्गो पूजा गरी सामूहिक नाच गर्ने चलन साम्पाङ राईमा छ (चित्रफलक नं. २४) ।

यो पूजामा निम्न सामग्रीहरु आवश्यक पर्दछन् : १. साकेवा कुबी (विजुवा/धामी), २. समाताली (धनुकाण), ३. चिण्डोमा चोखो जाँड, ४. सेउली, ५. केराको पात, ६. अदुवा, ७. चामल, ८. मकैको बोट, ९. आरीखुङ, १०. तरबार/खुकुरी, खुँडा, अन्य हातहतियारहरु, ११. ढोल, झ्याम्टा, १२. कुखुरा (भालेपोथी) (सामाजिक र व्यक्तिगत रुपमा चढाइने), १३. सुँगुरको पाठो, १४. राँगा, १६. मासुमीहरु, १७. तायमीहरु, १८. चमर, १९. लैतहुँ (बिट नभएको थुन्से) साथमा केही धान र कोदो, २०. भाकलअनुसारका बली दिइने वस्तुहरु ।

साखेवा थानमा पूजा गर्ने दिन विहान कुवी वा तायमीको घरमा पूजा गरी आँगनमा गाडिएको लिङ्गोवरिपिर कुबीसहित सवै सामूहिक रुपमा नाच्ने काम हुन्छ (चित्रफलक नं. २५) । यसपछि कुबी थानतर्फ हिँडेपछि सबै उनैको पछि लागेर सकेवा थानमा प्रवेश गर्दछन् (चित्रफलक नं. २६) । कुबीले एक हातमा चोखो जाँडसहितको चिण्डो र एक हातमा भाला बोकेको हुन्छ भने अन्य व्यक्तिहरु ढोल, झ्याम्टा, खुँडा, तरवार, खुकुरी, खुर्पालगायतका हातहतियारहरु समेत बोकेर हिँड्छन् । दुईजना कन्या केटीहरुलाई लैतहुँ (थुन्से)मा एउटामा केही लुङ्चा (कोदो) र अर्कामा सिरा (धानको चामल) आदि बोक्छन् । साकेवा थान सरसफाइ गरी रंगीबिरंगी ध्वजाहरुले सजाइएको

हुन्छ । त्यहाँ कुबीलगायत सबै पुगेपछि कुबीले आफ्नो मुन्धुमविधिअनुसार पूजा गर्दछन् र उनको निर्देशनअनुसार तायामीले साखेवालुङ अर्थात् धीः जमिन खनेर निकाल्दछ (चित्रफलक नं. २७) । सखेवालुङ अघिल्लो वर्षहरुमा गन्ती गरेर राखिएको हुन्छ । तिनलाई जमिनबाट निकाली केराको पातमा राखी उपस्थित सबैलाई देखाएर थानमा राखेर पूजा गर्दछन् (चित्रफलक नं. २८) । त्यसपछि कुखुरालाई चिण्डोको जाँडले पर्छ्याएर बली दिइन्छ । त्यसपछि अन्य व्यक्तिहरुले आफ्नो कबुलअनुसारको कुखुरा, परेवा, सुँगुर वा कुनै जनावर पूजा गरी विधिपूर्वक पछ्र्याएर काटी बली दिन्छन् । यसपछि सखेवालुङलाई पुनः पहिलेकै स्थानमा गाडिन्छ भने भूमे अर्थात् नागनगेनीलाई गाईको दूधकुण्ड बनाएर चढाई पूजा गरिन्छ ।

कुखुराको खुट्टा, पखेटा, मुटुकलेजो पोलेर कुबीले साखेवाथानमा पकुवा चढाएपछि सबैलाई प्रसादको रुपमा बाँडिन्छ । यसपछि केहीबेर सबैजना आराम गर्दछन् (चित्रफलक नं. २९) । केहीछिनको आरामपछि कुवीलगायत सबैजना विधिपूर्वक कुवीको साथ घर फर्कन्छन् (चित्रफलक नं. ३०) । अन्य व्यक्तिहरु भने पूजाथानको नजिक सुविधाजनक ठाउँहरुमा दिनभरि नै साकेला नाच नाचेर रमाइलो गर्दछन् (चित्रफलक नं. ३१) । कुबी वा तायमीको घरमा रातभरिजसो साकेला नाच जारी रहन्छ । नाच्नेहरुलाई रक्सी, जाँडलगायतका फूलमालाहरुले पनि सम्मान गर्ने गरिन्छ (चित्रफलक नं. ३२) । भोलिपल्ट विहान पनि सबै गाउँलेहरुको नाच्ने क्रम जारी हुन्छ । उनीहरुलाई अन्तिम विदाइ स्वरुप दुई कठुवा रक्सी, एक घ्याम्पा भाती जाँड र फूलमालाहरुसहित विदा गर्ने चलन छ (चित्रफलक नं. ३३) । यस प्रकारको पूजाको समयमा कुबीहरुले विभिन्न प्रकारको परम्परागत घण्टी माला, बनाइएको सिल्ताँकुमा (सुनाखरीबाट कलात्मक रुपमा बनाइएको कपालमा बाँध्ने) समेत लगाएर पूजा सम्पन्न गर्दछन् (चित्रफलक नं. ३४) ।

**(ख) दशैं**

दशैंलाई मुख्यतः हिन्दू धर्मवालम्बीहरुको प्रमुख चाड मानिए तापनि अहिन्दू साम्पाङ राई समाजमा पनि सामान्य रुपमा मान्ने गरेको पाइन्छ । तर, हिन्दूहरुले मान्ने र यो समाजले मान्ने तरिकामा भने केही भिन्नता रहेको देखिन्छ । टीका लगाउने, रमाइलो गर्ने, नयाँ लुगा कपडा लगाउने, मिठो खाने भए पनि साम्पाङ

राईहरु अरुले जस्तो रातो टीका लगाउँदैनन् । टीकामा दही-अक्षताको सेतो टीका लगाउँछन् । दही-अक्षताको सेतो टीकालाई यो जातिमा पवित्र मानिन्छ । यस्तो टीका यो जातिले दशैंमा मात्र नभएर प्रायः हरेक शुभकार्यमा प्रयोग गर्ने गरेको देखिन्छ । जस्तै छोराछोरीको छेवर, गुन्यु-चोली, विवाहलगायतका अवसरमा यस्तो टीका लगाएको देखिन्छ । अन्य जातिका कतिपय राईहरुले यो चाड नमान्ने र कसैले सामान्य रुपमा माने पनि टीका नलगाएको पाइन्छ ।

**(ग) तिहार**

अन्य समाजमा जस्तै साम्पाङ राईहरुले पनि तिहार महत्वका साथ मनाउने गर्दछन् । तिहारको द्वितीया तिथिलाई भाइतिहार अर्थात् फूलटीका भनेर मान्ने गर्दछन् । यसका लागि चेलीहरुले माइतिहरुलाई एक-दुई महिनाअगाडि नै एक कठुवा रक्सी र एक थुङ्गा सयपत्री फूल दिएर टीकाको निम्तो दिएका हुन्छन् । सोहीअनुसार माइतिहरु पनि चेलीको हातको टीका थाप्न जाने गर्दछन् । भाइटीकामा फूल (सयपत्री तथा मखमली)का माला, सेलरोटी लगायतका सामग्री आवश्यक मानिन्छ । तिहारको टीका लगाउने विधि हिन्दू परम्पराअनुसार भएको पाइन्छ ।

**(घ) माघे संक्रान्ति**

साम्पाङ राईहरु माघे संक्रान्ति पर्व पनि मान्ने गर्दछन् । यस पर्वलाई किरातीहरुले आफ्नो किराती येले सम्वत्को नयाँ वर्षारम्भको रुपमा पनि मान्ने गरेका छन् । येले सम्वत्को बारेमा विस्तृत खोजअनुसन्धान र जानकारीको अभाव भए पनि यो दिनलाई सम्वत्सँग जोड्नुले यसको ऐतिहासिकतालाई पुष्टि गर्दछ । साम्पाङ राईहरुले आफ्ना प्राचीन पुर्खाहरुले यस दिन विभिन्न प्रकारका तरुलहरु जम्मा गरेर खाने भएकोले विशेषगरी वनतरुल अनिवार्य मान्दछन् । संक्रान्तिको विहानै नुहाएर वनतरुलको टीका लगाएर, काँचै खाएर पर्व सुरु हुन्छ ।

**(ङ) चैते दशैं**

साम्पाङ राई समाजमा चैते दशैं पनि महत्वका साथ मान्ने चलन छ । उनीहरु यो पर्व विशेषतः वर्षे बालिनाली लगाउने समयको सुरु र आगामी वर्षका

निम्ति खानेकुराहरु जोहो गर्न खेतिपाती सुरु गर्नुपूर्व मनाउने गर्दछन् । अन्य पर्वहरुमा जस्तै यो पर्वमा पनि जाँड, रक्सी, मासु खाएर रमाइलो गर्दछन् ।

**(च) साउने संक्रान्ति**

वर्षायामको खेतीपाती समाप्त भएपछि र अलि उच्च पहाडी भेगहरुमा आलु, मकैजस्ता बालीहरुको गोडमेल सकिएपछि हरेक वर्षको साउन १ गतेलाई साउने संक्रान्ति चाडको रुपमा मान्ने गरेको पाइन्छ । त्यस दिन बेलुका विभिन्न फूलहरु, अन्नबालीहरु मकैको घोगा, धानचमार, काँक्रा, फर्सी, बोडी आदि जे जे छ, जम्मा गरेर त्यसको माला ढोकामा झुन्ड्याउने गर्दछन् । यसो गर्नाले रोगव्याधि नलाग्ने र भूतप्रेतले पनि दुःख नदिने विश्वास गरेको पाइन्छ । साथै यी फलफूलहरुका केही भाग नाङ्लोमा राखी अगुल्ठासहित, “ल राँकेबुढो आजदेखि जाऊ, अनिकाल लैजाऊ, रोगव्याधि नल्याऊ” भन्दै दोबाटोमा फाल्ने चलन छ । यसरी राँके धपाएपछि अन्नबालीहरुमा राँकेलगायतका अन्य रोगहरु पनि लाग्दैन भन्ने पुरानो विश्वास पाइन्छ । यस पर्वमा पनि मासु, जाँड, रक्सी खाइन्छ ।

### ५.५.१ चाडपर्व तथा धार्मिक जीवनसँग सम्बन्धित नाच

धार्मिक नाचमा पनि कुवीहरुको भूमिका रहन्छ । सामान्य व्यक्तिले यस्ता नाचको आशय बुझ्दैनन् । यो छुट्टै अध्ययनको विषय हुन सक्दछ । उभौलीका समयमा कुबीले सखेवा थानमा पूजा गर्दा ढोल झ्याम्टा बजाएर नाच्ने जोडी मासुमीहरु हुन्छन् । उनीहरु कुवीको इसारामा विभिन्न प्रकारका नाचहरु नाच्ने गर्दछन् । यो समयमा कुवीहरुले सुनाखरीबाट बनाइएको विशेष विभिन्न घण्टीमालालगायत कपालमा सिल्ताँकुमा (सुनाखरीबाट बनाइएको बुट्टेदार सामान) लगाएर नाच्ने गर्दछन् (चित्रफलक नं. ३४) । त्यसपछि उपस्थित अन्य व्यक्तिहरु समूहगत रुपमा साकेला सिली नाच्दछन् ।

उनीहरुको विश्वासअनुसार यो नाच आफ्ना पूर्वज (पितृ) पुर्खा तँमा, खेमा र खचुलुप्पाको समयदेखि रहेको विश्वास पाइन्छ ।[२९] नाचको समयमा ढोल पुरुषहरुले र झ्याम्टा महिलाहरुले बजाउने जिम्मेवारी पाएका हुन्छन् । साखेवा थानलाई केन्द्रविन्दु बनाएर यसैको वरिपरि गोलो घेरामा विभिन्न सिली (पेशा-व्यवसायसँग सम्बन्धित र

[२९]. बासपानी-४ कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

जीवजन्तुहरुको नक्कल गरिने नाच) गर्दै नाचिने यस नाचमा प्रायः गीत गाइँदैन तर समयसमयमा *"सोई ढोले सोई, अर्को ढोले खाई"* भन्दै नाचको रौनक थप्ने काम हुन्छ ।

विभिन्न किसिमले नाचिने यस्ता सिली (नाचको प्रकार)हरु जम्मा ३०६ प्रकारका छन् भनिन्छ ।[३०] जसमा आन्दा सिली, चन्दा सिली, मुसुन्दा सिली, हम्रुमा सिली, नामरुमा सिली, बतन्मी सिली, मावा सिली, तँवा सिली, धिनारा सिली, सुंरिमी सिली, खसुमा सिली, चासुम सिली आदि छन् । यस्ता सिलीहरु पनि समय र परिस्थितिअनुसार नाचिन्छन् । जस्तै :

साखेवा सिली- नागा सिली, पारु सिली, भालुको सिली, बाघको सिली, चसुम सिली आदि ।

पितृकार्यको सिली- माङ्थामी सिली, मासुमी सिली, सिकी सिली ।

विवाहको सिली- तँमा-खेमा सिली, चासुम सिली आदि ।

तर सिली धेरै भए पनि मुख्य रुपमा पारु सिली (पारुहाङको सिली र नायुमा/सुम्निमा सिली) भित्र सबै सिली पर्दछ भनिन्छ । यसमा पनि सिलीको समूह सामान्यतः तीनथरि छन् : १. शिल्पकलासँग सम्बन्धित, २. पशुहरुसँग सम्बन्धित र ३. विभिन्न सिकारसँग सम्बन्धित सिलीहरु पर्दछन् ।[३१]

साँझपख गाउँका सबैजना तायमी वा कुबीकै घरमा भेला भई साकेला नाच नाच्ने गर्दछन् । रहरेहरु रातभिर पनि नाच्छन् । रातको समयमा नाच्नेहरुलाई पनि समयसमयमा जाँड, रक्सीलगायतका खाजाहरु दिइन्छ । भोलिपल्ट विहान सबैलाई विदा दिन सुरु गर्दा पनि आँगनमा भव्य रुपमा गाउँलेहरु साकेला नाचिरहेका हुन्छन् । उनीहरुलाई विदाइ स्वरुप कठुवामा रक्सी, घ्याम्पामा भाति जाँडलगायत दिने चलन छ । यो कार्य गर्नुपूर्व चुरी गरिन्छ । चुरी भन्नाले पितृकार्य सकिएपछि कुवीहरुलाई दिइने एक प्रकारको सम्मान र उनलाई सोधिने भविष्यवाणी हो । कुबीले पनि पूजा अवधिमा आफूले देखेको गाउँ समाजमा हुने विविध घटना वा शुभ वा अशुभका भविष्यवाणीहरु बताउने गर्दछ । यसपछि विदाइ

---

[३०]. बासपानी-९ निवासी कुवी **नीरकुमार राई**सँगको अन्तर्वार्तामा आधारित ।

[३१]. स्थलगत अध्ययनमा आधारित ।

हुन्छ । घरबाहिर आँगनमा गाडिएको लिङ्गोवरिपिर नाचिरहेका अन्य व्यक्तिहरु पनि सिली समाप्त गर्नतर्फ विधिपूर्वक लागिरहेका हुन्छन् । यो पूजा उभौली समयको भए यस दिन विहान प्रत्येक घरबाट आ-आफ्नो बारीको मकैको बोट उखेलेर ल्याई लिङ्गोको फेदमा राखिएको हुन्छ र नाच सकिने बेलामा सबैले आ-आफ्नो मकै चिनेर लिई जहाँबाट ल्याइएको हो त्यही ठाउँमा रोप्नुपर्दछ । त्यो मकैको बोटबाट पछि कस्तो फल लाग्दछ, त्यसैबाट आगामी समयको सहकाल, अनिकालको भविष्यवाणी गर्ने गर्दछन् । सबै आफ्नो घरतर्फ गइसकेपछि मात्र आँगनको कटुसको लिङ्गो उखेलेर सेलाइन्छ । यसपछि परम्परागत उभौली तथा उधौली चाड सम्पन्न भएको मानिन्छ ।[३२] यो चाड प्रायः सबै किरात राईहरुले मान्ने भए पनि प्रक्रिया फरक हुने गर्दछ ।

किरात राईहरुमा हुने यस्ता सिलीहरु विभिन्न प्रकारका हुन्छन् । बाहिङ राईहरुमा ह्वाङसिली नाच नाचिन्छ । अर्थात् ह्वाङ बोचोको अर्थ ‘राजाजस्तै शक्तिशाली फूल भएर फुल्नू, आफ्नो कुलपितृमा फूलजस्तै पवित्र हुनू’ भन्ने लाग्छ । त्यस्तै सामान्य भाषामा ह्वाङ सिलीलाई राजा नाच भनेर बुझिन्छ । ‘ह्वाङ सिलीको अर्थ ह्वाङ भन्नाले राजा, सी भन्नाले तान्त्रिक शक्ति र लिले वाँणलाई बुझाउँछ’ भनी बुद्धिकुमार ह्वाङ्गु राईले चर्चा गरेका छन् ।[३३] यस प्रकारको राजा सिली साम्पाङ र अन्य थरका राईहरुमा पनि पाइन्छ तर नाचको शैली भने फरकफरक हुने गर्दछ ।

किंवदन्तीअनुसार केही वर्षपहिलेसम्म साखेवा पूजा गर्ने भन्दा अघिल्लो दिन ढोलझ्याम्टासहित ध्यानमा रहेर कुबी (धामी)ले आफ्नो मुन्धुमविधिअनुसार पूजा गरी काँसको थालमा वासुङ (कुखुराको प्वाँख)ले इसारा गरी थाप्नासाथ साखेवालङ झार्दथ्यो । त्यो सेतो अथवा छिरबिरे प्रकारको हुने र त्यसलाई छुँदा तातो पनि हुने गर्दथ्यो । दोस्रो दिन दिउँसो त्यही ढुङ्गा साखेवाथानमा ठूलो खाल्टो खनेर त्यसभित्र राखी भव्य पूजा गरेर राख्ने गरिन्थ्यो । साखेवालुङको पछि अन्य सानासाना बच्चाहरु पनि हुने गर्दथे भनिन्छ ।

उभौलीलाई मान्नुको अर्थ भूमि/धर्ती, नागनगेनी तथा प्रकृतिप्रति आस्था र विश्वास राख्दै अब हामीले खेतीपाती गर्ने बेला भयो, त्यसैले हामीले लगाएको बालीनाली समयमा उचित वर्षा गराई राम्रो फल दिलाइदिनुहोस् र हामीले खान पाऊँ भन्ने हो ।

---

[३२]. स्थलगत अध्ययनमा आधारित ।

[३३]. बुद्धिकुमार ह्वाङ्गु राई, “बाहिङ् राई ह्वाङसिलिको परिचय”, **निप्सुङ**, (वर्ष- ,२७ औं अंक, २०६४ चैत), पृ. ३९ ।

उधौली मान्नुको अर्थ हाम्रो प्रार्थना सुनी हामीले लगाएको बालीनाली समयमा वर्षा गराई राम्ररी फल लगाइदिनुभयो र अब हामीले खान पाउने भयौं भनी भूमि/धर्ती र नागनगेनी (प्रकृति)प्रति अर्पण गरेको कृतज्ञता हो भन्ने धारणा पाइन्छ ।[३४]

यो जातिमा रहेको मान्यताअनुसार चाडपर्व तथा धार्मिक कार्यहरुमा बजाइने ढोल बनाइने काठ अंगेरी र बलुको बनाइनु हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । यस्ता ढोल कुन काठको बनाउने भन्ने विषयमा कसैको इच्छाले हुँदैन । पुरानो भनाइमा यो ढोल बनाउने चाँजोपाँजो मिलाएपछि स्वयं कुवीले आफ्नो तन्त्रमन्त्रद्वारा दुम्सीको काँडा जगाएर घरबाटै वाण छाड्दछ । उनले देखाएको दिशातिरको जङ्गलमा खोज्दै जाँदा दुम्सीको काँडा जुन रुखमा गाडिएर रहेको भेटिन्छ, त्यही रुख काटेर ढोल तयार गर्नुपर्दछ । यसमा प्रयोग गरिने छाला बाखाबाहेक राँगा, गोरुको प्रयोग गर्नुपर्दछ ।[३५]

तारामणि राईका अनुसार कोयी राई समाजमा यस चाडमा साकेलको मुख्य पूजा नक्छोले गर्दछ र नक्छोकै घरबाट पूजा आरम्भ गरिन्छ । नक्छोका लागि एउटा कठुवामा विशेष यही बेलामा चाहिने भनी बनाइएको एक कठुवा जाँड चाहिन्छ । पूजास्थल र थानमा छर्किनका लागि एक चिण्डो जाँड चाहिन्छ,[३६] जो साम्पाङ राईहरुभन्दा धेरै भिन्न देखिन्छ । प्रायः सबै जातिका राईहरुले यो चाड मान्ने भए पनि पूजा गर्ने, नाच्ने, ढोल-झ्याम्टा बजाउने लगायतका मान्यताहरु साम्पाङ राईसँग मिल्दैन । सबै जातिका राईहरुले आ-आफ्नै प्रकारको सिलीमा आधारित भएर नाच्ने गर्दछन् ।

### ५.५.२ अन्य संस्कारसँग सम्बन्धित नाचगान तथा मनोरञ्जन

किरात साम्पाङ राईहरुमा रहेको परम्परागत नाचगान तथा मनोरञ्जन उनीहरुको विशिष्ट सांस्कृतिक पक्ष हो । साकेला सिलीबाहेक अन्य नाचगानहरु धेरै प्रकारको भए पनि मारुनी महत्वपूर्ण नाचका रुपमा लिन सकिन्छ । यो नाच दुई अवस्थामा हुने गर्दछ : (क) तिहारको मारुनी नाच र (ख) फूल तार्ने मारुनी नाच ।

---

[३४]. खगेन्द्र राई (साम्पाङ), "उधौलीको रौनक", **गोरखापत्र दैनिक**, (मंसिर १७, २०६६), पृ. ७ ।

[३५]. स्थलगत अध्ययनमा आधारित ।

[३६]. तारामणि राई, **कोयी राई जातिमा साकेल,** (काठमाडौं : कोयी/कोयु राई समाज, केन्द्रीय कार्यालय), (अप्रकाशित) २०६६, पृ. २० ।

### (क) तिहारको मारुनी नाच

प्रत्येक वर्ष तिहारमा गरिने मारुनी नाच यो समाजमा महत्वपूर्ण रहेको पाइन्छ । यो नाचमा जोडी मारुनी (पुरुषलाई महिलाको पहिरनमा तयार गरिने) तयार गरी दुईचारजना मादले भएर विभिन्न पौराणिक गाथा गाएर नचाइने गर्दछ । दुई-चार दिनसम्म नाचिने यो नाच जुन घरबाट सुरु गरिएको हुन्छ, सोही घरमा पुनः आई विधिपूर्वक समाप्त गर्नुपदर्छ । तर, यो नाच पुरानो विधिअनुसार नियमवद्ध भएर नाच्नु, गाउनु र मादलको ताल मिलाएर गर्नुपर्दछ । विधिपूर्वक भएन भने नाच्ने, गाउने वा मादलेलाई कुनै चोटपटक लाग्न सक्दछ भन्ने विश्वास रहेको पाइन्छ । विधिपूर्वक गीत गाउने र नाच्ने व्यक्तिहरुको अभाव बढ्दै गएकोले यो नाच लोप हुने अवस्थामा पुगेको स्थानीयहरु दुःखेसो गर्दछन् ।[३७]

### (ख) फूल तार्ने मारुनी नाच

यो नाच मृत्युसंस्कारको एक कर्मको रुपमा गर्ने गरेको पाइन्छ । यो कार्य सबैले गर्नुपर्ने बाध्यात्मक अवस्था देखिँदैन । जीवित व्यक्तिहरुले मृतकको नाममा यो मारुनी नचाएर धार्मिक रुपमा आत्मसन्तुष्टि लिने गरेको पाइन्छ । यो नाच कसैको मृत्युपछि यति नै समयमा वा यति वर्षपछि गर्नुपर्छ भन्ने नभएकाले कसैको इच्छा र समयअनुसार गर्न सकिने देखिन्छ ।

यो नाच तिहारपछिको दशमी तिथिका दिन राति घरमा विभिन्न पौराणिक गाथा गाएर आफ्ना भान्जाहरुलाई मारुनीको रुपमा सिँगारेर नचाउने गर्दछन् । दोस्रो दिन अर्थात् एकादशी तिथिका दिउँसो नजिकको खोला अर्थात् पहिलेदेखि फूल तार्ने गरिएको स्थानमा गएर खोलामा हरियो बाँसको पूल थापेर विभिन्न प्रकारका फूलमालाहरु चढाई दिनभर मृतकको नाममा मारुनी नचाएर सम्पन्न गरिन्छ । मारुनीका रुपमा रहेका भान्जाहरुलाई र गाउने व्यक्तिहरुलाई कपडा, पैसा तथा अन्य सामानहरु दान गरिन्छ । यो नाच वर्तमानमा किंवदन्ती जस्तो बन्दै गएको गाउँले बुढापाकाहरु बताउँछन् । किनभने, आजभोलि फूल तार्ने कार्य विरलै मात्र गरिने र त्यसमा पनि परम्परागत मान्यतामा आधारित गीत गाउन जान्ने र नाच्न जान्ने व्यक्तिहरुको अभाव हुँदै गएको छ ।

---

[३७]. वासपानी-५ का **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

साम्पाङ राईहरुमा अन्य समाजमा दोहोरीजस्तै सिलोक प्रचलित छ । यो आफ्नै स्थानीय भाषामा गाइन्छ । यो सिलोक विशेष गरी विवाहको समयमा उत्साह-उमंगका लागि गाइन्छ । यस्तै गरी मृत्यु संस्कारहरुमा यो सिलोक मृतकको नाममा दुःख प्रकट गर्न गाइन्छ । यस्ता सिलोक गाउन गाउँका सबै सक्षम हुँदैनन् ।

**सारांश**

आफ्नै भाषा, संस्कार, परम्परागत मूल्यमान्यता तथा रहनसहन भएको जातिमा पर्ने साम्पाङ राई जातिलाई अलग पहिचान रहेको जाति मानिन्छ । उनीहरुको भोजनमा सामान्य मकै, कोदो, धान, गहुँ, भटमास, आलु, फापर, कागुनी जस्ता अनाजहरुबाट बन्ने खानाका परिकारहरु पर्दछन् । मासुमा सुँगुर, कुखुरा, राँगालगायत पर्दछन् भने बाख्राखसीको मासु बर्जित मानिन्छ । अन्य खानाहरुमा जाँड, रक्सी र अदुवालाई संस्कारगत मान्यतामा महत्वपूर्ण मान्दछन् । यी वस्तुहरुविना कुनै प्रकारको धार्मिक, सामाजिक तथा सांस्कृतिक संस्कारहरु विधिवत् रुपमा सम्पन्न हुँदैनन् । समाजमा हिन्दू प्रभाव बढी देखिए तापनि यो जाति गैरहिन्दू समुदायभित्र पर्छ । उनीहरु आफ्नो धर्मको आस्थाकेन्द्र आफ्नै घरमा भएको ढुङ्गाका तीन चुल्होलाई मान्दछन् । यिनै चुल्होबाट जन्मदेखि मृत्युपर्यन्तका सबै संस्कारहरु सम्पन्न गर्ने मान्यता उनीहरुमा रहेको छ । आफ्नो धर्मगुरुको रुपमा काउले कुवी, नागरे कुवी र साकेवा कुवी तीन प्रकारका हुन्छन् भने वार्षिक रुपमा गरिने पितृपूजाबाहेकका नागा तथा चाम्चे र छम्मधम पूजालाई विशेष पितृपूजाको रुपमा लिने गरेको पाइन्छ । यसका अतिरिक्त अन्य पूजाहरुमा मूलखाँबो, भूमे (भूमि तथा धरती), पूर्वे, डाँडाखोला, सिकारी, सन्सारी, भिमसेन, पन्चौलीलगायत रहेको पाइन्छ । चाडपर्वको रुपमा उधौली र उभौलीको रुपमा मंसिरे पूर्णे र वैसाखे पूर्णेलाई मुख्य रुपमा मान्ने र यसपछि माघे संक्रान्ति, चैते दशैं, साउने संक्रान्ति, तिहार जस्ता चाडपर्वहरु रहेको पाइन्छ । नाचगानको रुपमा तिहारको मारुनीनाच र मृतकको नाममा फूल तार्ने संस्कारमा नाचिने नाच विशेष महत्वको रहेको देखिन्छ ।